# बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४

नेपाल सरकार

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**सिंहदरवार**

**२०७४**

# बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४

# Child Friendly Local Governance (CFLG) National Strategy

नेपाल सरकार

## संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## सिंहदरवार

## २०७४

# विषय सूची

# खण्ड १: परिचय

## १. पृष्ठभूमि

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । नेपालको संविधान मा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०४८, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९, नेपालको चौधौं आवधिक योजना (२०७३/७४–२०७५/०७६) लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ । स्थानीय सरकारको रुपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन् । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ ।

साबिकका केन्द्रीय तथा स्थानीय निकायको समन्वय र सहयोगमा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका पक्षमा धेरै कामहरू भएका छन् । बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६, बालबालिका सम्वन्धी राष्ट्रिय नीति, २०६९ र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयनमा आई केही नतिजाहरु समेत हासिल भैसकेका छन् । यस्ता प्रयास र नतिजाहरुलाई निरन्तरता दिदै यसको विकास र विस्तारका लागि थप प्रयास गर्नुपर्ने देखिन्छ ।

वि. सं २०६८ को जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ९५ हजार ५०४ पुगेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । यसमा करिब ४४.४ प्रतिशत १८ वर्ष मुनिका बालबालिकाको रहेको पाइन्छ भने १६ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३९.८ प्रतिशत रहेको छ ।[1] नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा २१, शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा ३२ र बाल मृत्युदर ( पाँच वर्ष मुनि) प्रति हजार जीवित जन्ममा ३९ रहेको छ (आर्थिक सर्वेक्षण, २०७४) । तथ्याङ्कीय आधार तथा सेवाको सुनिश्चितताका लागि व्यक्तिगत घटना दर्ता खासगरी जन्म दर्तालाई अझ प्रभावकारी रुपमा अभियानको रुपमा अगाडि बढाउनुपर्ने आवश्यकता देखिएको छ । विद्यालय जाने उमेरका बालबालिका मध्ये करिब ९६.६ प्रतिशत विद्यालय भर्ना हुने गरेका छन् (आर्थिक सर्वेक्षण, २०७४) । सबैका लागि शिक्षाको अवधारणा अनुसार बालबालिकाहरूलाई विद्यालय पठाउनु अपरिहार्य भैसकेको छ ।

वि.सं. २०६५ मा साविकका केही नगरपालिका र गाँउ विकास समितिहरूले नमुनाको रुपमा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गरेका थिए । त्यस्ता कार्यक्रमहरूबीच एकरुपता ल्याउन, सामन्जस्य कायम गर्न र क्षेत्र विस्तार गर्न आवश्यक ठानियो र स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहिकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकासको थालनी गर्न गराउनको लागि बालमैत्री स्थानीय

[1] नेपालमा बालबालिकाको स्थिति, २०७३, केन्द्रीय बाल कल्याण समिति

शासनः राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयनमा ल्याइएको थियो । नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्याख्या गरेको छ । साथै राज्यको पुनःसंरचना हुदा स्थानीय तह र प्रदेश सरकारको भुमिका समेत थप भएको अवस्था र बालमैत्री स्थानीय शासन कार्यान्वयनको अनुभव समेतलाई आधार मानी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा परिमार्जन सहित बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०७४ कार्यान्वयनमा ल्याईएको छ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस राष्ट्रिय रणनीतिमा :–

(१) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तीलाई सम्झनुपर्दछ ।

(२) "स्थानीय शासन" भन्नाले स्वायत्त शासनको अवधारणा अनुरुप नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जनताको नजिकमा रहेका स्थानीय तहका प्रतिनिधि मार्फत संचालन गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(३) "बालमैत्री शासन" भन्नाले गैर विभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई सम्झनुपर्दछ ।

(४) "बालमैत्री स्थानीय शासन" भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

(५) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अबलम्वन गरी प्रचलित कानुन बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्दछ ।

(६) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

(७) "नगरपालिका" भन्नाले नेपालका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरू सम्झनुपर्दछ ।

(८) "गैर सरकारी संस्था" भन्नाले यस रणनीतिको प्रयोजनको लागि प्रचलित कानुन बमोजिम बालबालिकाको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू सम्झनुपर्दछ ।

(९) "बालमैत्री स्थानीय तह" भन्नाले अर्थपूर्ण बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति मा आधारित भै स्थानीय तह आफैले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनतम् सूचकहरू सुनिश्चित गरी सम्बन्धित सभाबाट बालमैत्री स्थानीय तह भनी घोषणा गरिएको गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्दछ ।

(१०) "बालमैत्री वडा" भन्नाले अर्थपूर्ण बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति मा आधारित भै गाउँपालिका/नगरपालिकाका वडा आफैले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनतम् सूचकहरू सुनिश्चित गरी सम्बन्धित गाउँ/नगर सभाबाट बालमैत्री वडा भनी घोषणा गरिएको वडालाई सम्झनुपर्दछ ।

(११) "बालमैत्री कार्यक्रम" भन्नाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा आधारित भै बाल अधिकार प्रवर्द्धन गर्न सरकारी, गैर सरकारी, निजी तथा सामुदायिक क्षेत्रबाट र साझेदारीमा संचालन हुने कार्यक्रमहरू सम्झनुपर्दछ ।

(१२) "विकास साझेदार" भन्नाले द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरू र संयुक्त राष्ट्रसंघीय निकायहरूलाई सम्झनुपर्दछ ।

(१३) "बाल क्लब" भन्नाले बाल समूह, बाल क्लब, बाल मञ्च लगायतका बालबालिकाका समूह तथा तिनका संजालहरू समेत सम्झनुपर्दछ ।

(१४) "बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति" भन्नाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४ सम्झनुपर्दछ ।

## ३. <u>बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको उद्देश्य</u>

बालबालिकाको विद्यमान अवस्था र आवश्यकतालाई दृष्टिगत गरी बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्था सुनिश्चित गरी बालमैत्री कार्यक्रम संचालनको रणनीति, कार्यनीति, समन्वय, उपलब्धि र अन्तिम नतिजा प्राप्तिमा एकरुपता ल्याउन सहयोग पुऱ्याउनु यस रणनीतिको उद्देश्य रहेको छ ।

## ४. <u>बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको औचित्य</u>

शासकीय प्रणाली र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सवालहरू सम्बोधन हुन आवश्यक ठानी नेपालमा साविकका केही नगरपालिका र गाउँ विकास समितिहरुले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न विभिन्न कार्यक्रमहरु संचालन गरेका थिए । यस्ता कार्यक्रमलाई निरन्तरता दिदै हालको परिवर्तित सन्दर्भ र नेपालको संविधानको प्रावधान अनुरुप मुलुकका सबै स्थानीय तहमा संचालन हुने यस्ता कार्यक्रमहरूबीच एकरुपता ल्याउन र सामन्जस्यता कायम गरी बालबालिकाको समुचित विकास गर्न अत्यावश्यक छ । यसै सन्दर्भमा स्थानीय शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई

समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको अवधारणाको संस्थागत विकास गर्न गराउनको लागि साविकको रणनीतिमा परिमार्जन गरी यसलाई कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ । यस रणनीतिको औचित्य देहाय बमोजिम रहेको छ :

(१) सबै स्थानीय तहमा एकरुपता कायम हुने गरी बालमैत्री स्थानीय शासन पद्धति सुदृढ गर्नु गराउनु,

(२) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी, निजी र सामुदायिक क्षेत्रबीच समन्वय र साझेदारीको विकास गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि साझेदारहरूबीच आर्थिक तथा प्राविधिक सहयोग एवं सहकार्यको वातावरण सिर्जना गर्नु गराउनु,

(३) बालमैत्री स्थानीय शासनको लागि संघ, प्रदेश र स्थानीय तहका नीति र कार्यक्रमबीच सामन्जस्य कायम गर्नु गराउनु,

(४) बालमैत्री स्थानीय शासनको लागि संस्थागत क्षमता र मानव संसाधन विकास गर्न सहयोग पुऱ्याउनु,

(५) नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०४८, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ र बालबालिका सम्बन्धी प्रचलित ऐन कानुनका प्रावधानहरूलाई कार्यान्वयन गरी बालबालिकालाई समय सापेक्ष सेवा प्रदान गरी अवसर सृर्जना र सोको न्यायोचित वितरण गर्नु,

च) संघीय पद्धतिमा बालमैत्री स्थानीय सुशासन हासिल गर्नमा टेवा पुऱ्याउनु ।

## ५. <u>शासकीय पद्धतिमा बालमैत्री स्थानीय शासनको योगदान</u>

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिले स्थानीय तहलाई देहायका विषयमा सहयोग पुऱ्याउँछ :

(१) स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहहरूबाट स्थानीय तहमा बालबालिकाको क्षेत्रमा संचालन हुने बालबालिका सम्बन्धी योजना तथा कार्यक्रमलाई नतिजामुखी एवं प्रभावकारी बनाउने ।

(२) बालबालिकाको परिपक्वता र क्षमताको आधारमा स्थानीय शासन पद्धतिमा बालसहभागिता अभिवृद्धि गर्ने ।

(३) स्थानीय तह र सेवा प्रवाह सम्बन्धी संस्थाहरूलाई जवाफदेही र उत्तरदायी बनाउने ।

(४) बालअधिकारप्रति वयस्कहरूको सकारात्मक सोचको विकास र सहमतिको वातावरण सिर्जना गर्ने ।

(५) स्थानीय तह र तिनका महाशाखा, शाखा, गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार र स्थानीय समुदायको साधन र स्रोत बालबालिकाको क्षेत्रमा प्रवाहित गर्ने ।

(६) बालबालिकाहरू माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण र विभेदको अन्त्य गर्ने ।

# खण्ड २: बाल अधिकार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

## ६. बाल अधिकार सम्बन्धमा भएका महत्वपूर्ण प्रयासहरू

### क) नेपालको संविधान

नेपालको संविधान मा बालबालिकाको सम्बन्धमा देहायका अधिकारहरू प्रत्याभूत गरिएका छन् :

(१) **समानताको हक (धारा २२):** सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई कानुनको समान संरक्षणबाट वंचित गरिने छैन । तर बालबालिकाको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ ।

(२) **बालबालिकाको हक (धारा ३९)** : यस धारामा बालबालिकाको हक सम्वन्धमा देहायका अधिकारहरू प्रत्याभूत गरिएका छन् ।

(क) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।
(ख) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।
(ग) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
(घ) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
(ङ) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
(च) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
(छ) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
(ज) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
(झ) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
(ञ) वुद्धा (घ), (ङ), (च) र (छ) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) **सामाजिक सुरक्षाको हक (धारा ४३ ):**बालबालिकालाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । )

**ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ :**

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न आवश्यक कार्य गर्न गराउन स्थानीय तहलाई जिम्मेवार वनाउने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ जारी गरिएको छ। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न कानूनी व्यवस्था गरेको छ। ऐनको दफा (११) (ज) ले प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनैपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकालाई दिईएको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभुत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र बाचनालयको संचालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत गाउँ/नगरपालिकाले गर्नेछ। यस्तै ऐनको दफा (११) (झ) ले आधारभुत स्वास्थ्य र सरसफाई सम्बन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको संचालन र प्रवर्द्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व यवस्थापन जस्ता कार्यहरु समेत सम्बन्धित गाउँ/नगरपालिकाले गर्नेछन्।

ऐनको दफा (१२) (२) (१) (ग) ले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाका वडाहरुलाई दिईएकोछ। यस्ता कार्यहरुमा बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र संचालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लव तथा बालसंजालको संचालन र व्यवस्थापन, वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाई बि.सि.जि., पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको संचालन, अन्तरविद्यालय तथा बालक्लव मार्फत् खेलकुद कार्यक्रमको संचालन, प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सो को अभिलेख संरक्षण, व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम जस्ता कार्यहरु पर्दछन्। यस्तै महिला विरुद्धको हिँसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने, प्रांगरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्ने, गराउने जिम्मेवारी सम्बन्धित वडाको हुनेछ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था यस ऐनले गरेको छ। यसै आधारमा बालबालिकाको लागि आवधिक र वार्षिक लगानी योजना तर्जुमा गर्नुपर्नेछ। गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा अन्य निकाय, व्यक्ति समूहका अलावा बालबालिकाको अधिकतम सहभागिता गर्नुपर्नेछ। यी सबै कार्यहरु बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धित रहेका छन्।

### ग) बालबालिका सम्बन्धी ऐन, २०४८

बालबालिका सम्वन्धी ऐन, २०४८ र नियमावली,............ले बाल अधिकारका वारेमा व्यवस्था गरेको छ । प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्छ । बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था ऐनको दफा ३ (१) ले गरेको छ। यस्तै ऐनको दफा ४ (१) ले बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालन पोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थोपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाहरूको व्यवस्था गर्नुपर्ने जस्ता प्रावधान गरेको छ।

नेपालको देवानी संहिता, २०७४ को कुरा थप गर्ने कि??

### घ) बालश्रम (निषेध र नियमित) ऐन, २०५६

कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन भन्ने व्यहोरा बालश्रम (निषेध र नियमित) ऐन, २०५६ को दफा ४ मा उल्लेख भएको छ । यसैगरी बालकलाई काममा लगाउँदा दिनमा छ घण्टा र एक सप्ताहमा छत्तीस घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन भन्ने व्यहोरा दफा ९ (२) मा रहेको छ। ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा ११ ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ।

### ङ) बाल अधिकार सम्बन्धी महासन्धि (CRC)

बाल अधिकार महासन्धि १९८९ (नेपालले १४ सेप्टेम्वर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गैरविभेदीकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६) र विचारको सम्मान (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता जस्ता चारवटा क्षेत्रमा केन्द्रित हुदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।

### च) चौधौं योजना (२०७३/७४–२०७५/७६)

चौधौं योजना (२०७३/७४–२०७५/७६) को परिच्छेद-४, क्षेत्रगत विकास नीतिहरूको ४.४.६ मा बालबालिका तथा किशोरकिशोरी खण्डको रणनीति प्रकरणमा (१)बालबालिकालाई गर्भावस्थादेखि नै आवश्यक स्वास्थ्य र पोषण सेवा सुनिश्चित गर्ने । (२) बालबालिका र किशोरकिशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने। (३) बालबालिका र किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका

हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने । (४) सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध गर्ने । (५) सडक बालबालिकाको उद्धार, संरक्षण, नियन्त्रण गर्ने एंव परिच्छेद-७ को ७.२.१ सङ्घीयता तथा स्थानीय स्वायत्त शासन खण्डमा बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको प्रवर्धन लागि बालमैत्री स्थानीय शासनलाई मुलुकभर विस्तार गर्ने रणनीति लिइएको छ ।

### छ) दिगो विकास लक्ष्यहरू

दिगो विकास लक्ष्यमा १७ वटा लक्ष्यहरू, १६९ वटा गन्तव्यहरू र २३९ वटा सूचकहरू छन । यस्ता लक्ष्यहरू बाल अधिकार र बाल विकासको क्षेत्रमा परिलक्षित छन् । दिगो विकासका कूल १७ वटा लक्ष्यहरु मध्ये देहाय वमोजिमका १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन् । यि लक्ष्यहरु पुरा गर्ने कार्यमा संलग्न रहने निकाय, संघ संस्था, व्यक्ति र समूहहरुलाई समेत उपयुक्त वातावरण सृजना गर्न बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति सहयोगी हुनेछ ।

लक्ष्य १: सबै प्रकारका गरिबीको अन्त्य गर्ने
लक्ष्य २: भोकमरीको अन्त्य गर्ने
लक्ष्य ३: स्वास्थ्य जीवन सुनिश्चित गर्ने र सबैको कल्याण प्रवर्द्धन गर्ने
लक्ष्य ४: सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने
लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरूको सशक्तिकरण गर्ने
लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने
लक्ष्य ९: बलियो पूर्वाधार निर्माण गर्ने र दिगो औद्योगिकीकरणको प्रवर्द्धन गर्ने
लक्ष्य ११: नगरहरू र मानवबस्तीहरूलाई समावेशी, सुरक्षित, र दिगो बनाउने
लक्ष्य १६: समावेशी समाजको प्रवर्धन गर्ने र सबैलाई न्यायमा पहुँच प्रदान गर्ने
लक्ष्य १७: कार्यान्वयन प्रकृया मजबुत बनाउने र साझेदारीलाई पुनर्जीवन दिने

## ७. बाल अधिकार सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका अन्य प्रयासहरू

बाल अधिकारका क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा लामो समयदेखि विविध प्रयासहरू हुँदै आएका छन् । त्यस मध्ये नेपालले अवलम्बन गरेका केही प्रमुख प्रयासहरू देहायबमोजिम रहेका छन् :

(१) महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW), १९७९ लाई नेपालले अनुमोदन गरेको ।

(२) सशस्त्र द्वन्दमा बालबालिकाको प्रयोग, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० मा नेपालको सहमति रहेको ।

(३) दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि २००२ मा नेपाल पक्ष बनेको ।

(४) वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि २००२, नेपालले अनुमोदन गरेको ।

(५) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ तर्जुमा गरिएको ।

(६) अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी हेग महासन्धिमा हस्ताक्षर गरेको ।

(७) शिक्षा, स्वास्थ्य, श्रम तथा यातायात, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय जस्ता विषयगत मन्त्रालयले बालबालिकाका सवालहरूलाई क्षेत्रगत योजना र कार्यक्रममा समावेश गर्दै आएको ।

(८) केन्द्रीय बाल कल्याण समिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र दातृ निकायसंगको समन्वयमा साविकका केहि स्थानीय निकायमा बालमैत्री स्थानीय शासन र बालमैत्री गाँउ विकास समिति कार्यक्रम नमुनाको रुपमा संचालन गदै आएको ।

उपर्युक्त बमोजिम अन्तर्राष्ट्रिय प्रतिवद्धता व्यक्त गरिएको तथा कानुनी एवं नीतिगत व्यवस्था गरिएको भए तापनि लक्षित वर्गमा वास्तविक सेवा प्रवाह अपेक्षाकृत कम हुन गएको छ । आ–आफ्नो तरीका र निकायमा छुट्टाछुट्टै तवरबाट छरिएर कार्यक्रमहरू संचालन हुदा कार्यक्रमको लक्ष प्राप्त प्राप्तिमा कठिनाई भएको वास्तविकतालाई मनन गर्दै स्थानीय तहहरूद्धारा एकीकृत र समन्वित रुपमा कार्यक्रम संचालन गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउनेतर्फ विशेष ध्यान दिन जरुरी भएको छ ।

## खण्ड ३: बालमैत्री स्थानीय शासनको रणनीतिक व्यवस्था

### ८. रणनीतिक सोच

मुलुकका सम्पूर्ण बालबालिकालाई बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरी समावेशी र समतामूलक समाजको स्थापनामा स्थानीय शासन पद्धतिलाई सुदृढ, सक्षम र जवाफदेहीयुक्त तुल्याउन सहयोग पुऱ्याउनुनै बालमैत्री स्थानीय शासन व्यवस्थाको रणनीतिक सोँच हुनेछ ।

### ९. लक्ष्य

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवाको सुनिश्चतता भएको हुनेछ ।

### १०. उद्देश्यहरू

स्थानीयस्तरका सबै क्षेत्र र तहका निकायहरूको नीति, संरचना, प्रणाली र कार्य प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताको माध्यमबाट उनीहरूका अधिकार सम्बन्धी सवालहरूलाई मूलप्रवाहीकरण गरी बालमैत्री शासन प्रणालीको प्रवर्द्धन गर्दै देहायका नतिजाहरू प्राप्त गर्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हुनेछ ।

(१) बालबालिकाहरू सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन ।

(२) बालबालिकाहरूको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन ।

(३) बालबालिकाहरूको विकास सम्बन्धी  हकको प्रवर्द्धन ।

(४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह र योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाई ।

### ११. निर्देशक सिद्धान्त

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि देहायका निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

**(१) गैरविभेदीकरण**

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर-समुह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिने छैन ।

### (२) बालबालिकाको सर्वोत्तम हित

शासन संचालनका हरेक प्रक्रियामा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिनेछ । सार्वजनिक तथा निजी सेवा प्रवाह, विकास गतिविधि, समाज तथा घरपरिवारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ ।

### (३) बालबालिकाको सर्वाङ्गीण विकास

बाल वचाउ र विकासको सन्दर्भमा जिउने(बाँच्न पाँउने अधिकार) र उनीहरूको सर्वाङ्गीण विकासको उच्चतम् अधिकार रहने कुराको सुनिश्चितता गर्न कुनैपनि बालबालिका जन्मेपछि निजको नाम( नामाकरण) र जन्म दर्ताको अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं सांस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ ।

### (४) बालबालिकाको विचारको सम्मान र सहभागिता

बालबालिकासँग सम्बन्धित सवालहरूमा स्थानीय तहको योजना चक्रका हरेक चरण र स्थानीय स्तरमा हुने संरचनाहरुमा बालबालिकालाई परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिनेछ ।

### (५) सन्निकटताको सिद्धान्त

बालबालिकाको हितको लागि प्रवाह हुने वस्तु तथा सेवामा स्थानीय तह, स्थानीयस्तरका विषयगत निकाय/शाखा तथा गैरसरकारी संघ–संस्थाहरू, नागरिक समाज, सामुदायिक संस्था जस्ता बालबालिकाको नजिकमा रहेर सन्निकटताको सिद्धान्तमा आधारित भई सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

### (६) समावेशीकरणको सिद्धान्त

समावेशीकरणको सिद्धान्त अनुसार प्रत्येक तह, लिङ्ग, वर्ग, क्षेत्र र क्षमताका बालबालिकाहरूलाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरूमा समान रुपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुनेछ । स्थानीय शासन र विकाससम्बन्धी गतिविधिका हरेक पक्षमा समावेशीकरणको अवधारणालाई अंगीकार गरिनेछ ।

### (७) समुदायमा आधारित विकासको सिद्धान्त

यो रणनीतिको कार्यान्वयन समुदायमा आधारित विकासको सिद्धान्त अनुसार हुनेछ । समुदाय र स्थानीय तहको सक्रिय सहभागितामा यसको संचालन हुने र यस रणनीतिमा आधारित भई स्थानीयस्तरमा आवश्यक कार्यविधि तथा कार्यान्वयन व्यवस्था स्थानीय तहले आफै मिलाउन सक्नेछन् ।

## १२. <u>बालमैत्री स्थानीय शासनका रणनीतिहरू</u>

बालमैत्री स्थानीय शासनको उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका रणनीतिहरू अवलम्बन गरिनेछ : यस सम्बन्धी विस्तृत व्याख्या अनुसूची १ मा दिइएको छ ।

### (१) मूलप्रवाहीकरण

(१) बाल अधिकारको बिषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।

(२) बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षणको विधि अवलम्बन गर्ने ।

### (२) नीतिगत वकालत पैरबी र सचेतना

(१) नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हकहितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न स्थानीय तहले आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कन गर्ने गराउने ।

(३) विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याउने ।

(४) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालनको लागि केन्द्रीय, प्रान्तीय तथा स्थानीयस्तरबाट लगानीको वातावरण तयार गर्ने ।

(५) स्थानीय, प्रान्तीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विकास मंचहरूमा बालमैत्री शासनको अवधारणालाई रुपान्तरण गर्न पहल गर्ने ।

(६) यस सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका सन्धि, सम्झौता, कानुन एवं नीतिगत प्रावधानहरूको सम्प्रेषण गर्ने ।

### (३) संस्थागत विकास

(१) बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा गाउँपालिका, नगरपालिका र तिनका वडाहरूलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गर्ने र जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने ।

(२) स्थानीय तह र समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । वडा बाल संरक्षण समिति, गाउँ/नगर बाल संरक्षण समिति र

बालमैत्री स्थानीय शासन समुदाय, वडा, गाउँपालिका र नगरपालिका तहका समितिहरुको संस्थागत क्षमता विकास गर्ने ।

(३) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय इकाइहरूमा बालमैत्री सांगठनिक व्यवस्था मिलाउने ।

(४) बाल क्लवको सूचीकृत गर्ने, संजाल निर्माण गर्ने र साथै उनीहरूको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरूलाई प्रकाशमा ल्याउने ।

(५) स्थानीयस्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, जिल्ला/नगर/गाउँपालिका/वडास्तरीय बाल संजाल, खानेपानी, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरू र गैरसरकारी संस्था लगायतका साझेदार निकायहरुको बीचमा सामन्जस्य कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरू प्राप्तिका लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।

(६) समुदायमा आधारित बाल संरक्षण प्रणाली एंव संस्थाहरूलाई यस प्रक्रियामा आबद्ध गर्ने ।

(७) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरूमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने ।

## (४) क्षमता विकास

(१) विभिन्न तहका साझेदार र सहयोगीहरूबीच कार्यगत संजाल निर्माण गर्ने ।

(२) बालमैत्री योजना तथा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउने ।

(३) कुनै खास कठिन सूचक भएमा सोको प्रप्तिको लागि बालबालिका पहिला कार्यक्रम (Child First Programme) संचालन गर्ने ।

(४) अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरू संचालन गर्ने र तालिम, अवलोकन र अनुभव आदान प्रदानका माध्यमबाट मानवीय क्षमताको विकास गर्ने ।

(५) संचार रणनीति तयार गरी अवधारणा, नीति तथा कार्यक्रमहरूको सम्प्रेषणका लागि रेडियो, एफएम्, टिभि, पत्रपत्रिका, अनलाईन, सामाजिक सञ्जाल जस्ता संचार माध्यमहरूको उपयोग गर्ने ।

(६) राष्ट्रियस्तरमा विज्ञ, स्रोत व्यक्ति एवं प्रशिक्षकहरूको सूची (Roster) तयार गरी आवश्यकता अनुसार परिचालन गर्ने र प्रशिक्षण सामाग्री तयार गरी केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीय तहमा समेत प्रशिक्षक तयार गरी सूची (Roster) तयार गर्ने ।

(७) स्थानीय तहको संघीय सर्म्पक मन्त्रालय र प्रदेश सर्म्पक मन्त्रालय, गाँउपालिका र नगरपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गर्ने र वेभ साइटहरूमा बालमैत्री उपयोगी सामाग्री राखी व्यापक प्रचार प्रसार गराउने ।

(८) स्थानीय तहस्तरमा बालमैत्री स्थानीय शासन सिकाई स्रोत केन्द्र स्थापना गरी यस्ता केन्द्रको संस्थागत विकास गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने ।

**(५) सहकार्य र साझेदारी प्रवर्द्धन**

(१) बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अर्न्तराष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।

(२) विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुसरण गर्ने ।

**(६) सामुदायिक परिचालन**

(१) स्थानीयस्तरमा बालअधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।
(२) बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका समूह तथा संगठनलाई परिचालन गर्ने ।
(३) समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने ।

**(७) सामाजिक जवाफदेही र पारदर्शिता**

(१) बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय तह तथा संघसंस्थाबाट संचालित कार्यक्रम तथा तत्सम्बन्धी स्रोत साधन परिचालनका बारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।
(२) बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने ।

**(८) सामाजिक समावेशीकरण**

(१) स्थानीय सीमान्तीकृत समुदाय, गरीब र विशेष गरी बालिकाहरूको लागि विशेष कार्यक्रम संचालन गर्ने ।
(२) स्थानीय तहका वार्षिक तथा आवधिक योजनामा अनिवार्य रुपले बालबालिका सम्बन्धी योजना तथा नीतिलाई समावेश गर्ने ।

**(९) सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन**

(१) बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार प्रसार गर्ने ।
(२) स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराउने ।

**(१०) अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक जवाहदेहिता**

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने र संचालित कार्यक्रमहरूको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।

(२) स्थानीय तहहरूबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू संचालन गर्न स्वयम् जिम्मेवार हुने संयन्त्रको विकास गरी सहभागितामूलक अनुगमन गर्ने ।

(३) बालबालिकाको लागि लगानी योजना बनाई संचालन गर्न अभिप्रेरित गर्ने ।

(४) बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन तथा विनियोजित रकमको खर्च गरे नगरेको लेखाजोखा गर्ने संयन्त्र निर्माण गर्ने ।

(५) बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गर्ने ।

(६) बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बनाई कार्यान्वयन गरी सार्वजनिक जवाहदेहिता पुरा गर्ने ।

(७) संघ, प्रदेश तथा जिल्लावाट स्थानीय तहमा हुने कुनैपनि मूल्याङ्कनमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू समावेश गरी मूल्याङ्कन गर्ने ।

(८) अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बाल क्लव, सामुदायिक संस्था, वडा, गाउँपालिका, नगरपालिका, विकास साझेदार र अन्य सहयोगी निकाय र व्यक्ति विशेषलाई पुरस्कृत गर्ने ।

(९) बालबालिका र बालबालिकाका लागि सेवा प्रवाह गर्ने संस्थाहरूको सहभागितामा सहभागितामुलक लेखाजोखा तथा विश्लेषण विधि अवलम्बन गरी यसलाई स्थानीय योजनासंग आवद्ध गर्न स्थानीय तहलाई अभिप्रेरित गर्ने ।

## १३. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण र खुड्किलाहरू

बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण र तहगत खुड्कीलाहरु देहायबमोजिम हुनेछन्[2]:

### १) प्रारम्भिक चरणः

(१) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधिका सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी संक्षिप्त विश्लेषण ।

(२) बालमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी अभिमुखीकरण ।

(३) सरोकारबालाहरुबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि लिखित प्रतिबद्धता ।

(४) बालमैत्री कानून/नीति/रणनीति/कार्यविधि/निर्देशिका र आचार संहिता तर्जुमा ।

### २) तयारी चरणः

[2] वडा कार्यालय र स्थानीय तहका सरकारले आवश्यकता अनुसार कार्यदल समेत गठन गरी तहगत खुड्किलाहरु पुरा गर्ने व्यवस्था मिलाउन सक्नेछन् ।

(१) जिल्ला समन्वय समिति, नगरपालिका/गाउँपालिकामा बालमैत्री स्थानीय शासन महाशाखा/शाखा/इकाई को संस्थागत प्रवन्ध (बालमैत्री स्थानीय शासन सम्पर्क शाखा र सम्पर्क व्यक्ति तोक्ने ।

(२) गाउँ कार्यपालिका/नगर कार्यपालिका/वडा कार्यालय र विषयगत शाखामा बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्तिको चयन र जिम्मेवारी ।

(३) निश्चित सूचक/मापदण्डका आधारमा वडा छनौट र बालमैत्री स्थानीय शासन अवलम्वन/लागू गर्ने गाउँपालिका/नगरपालिकाको निर्णय ।

(४) बाल क्लब, बाल क्लव संजाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन ।

(५) बालकोष संचालन कार्यविधि तयारी, बालकोष स्थापना र संचालन ।

(६) बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल) तयारी र प्रकाशन ।

**३) योजना तर्जुमाको चरणः**

(१) बालमैत्री स्थानीय शासनका सूचकहरुको स्थानीयकरण र न्यूनतम सूचक निर्धारण ।

(२) आफ्नो बजेटको अधिकतम् प्रतिशत (१० प्रतिशतमा नघट्ने गरी) रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहित गाउँ/नगर सभाको निर्णय ।

(३) वडा/स्थानीय तहमा बालबालिकाको लागि आवधिक/वार्षिक लगानी योजना तर्जुमा ।

(४) स्थानीय तहको आवधिक/दीर्घकालीन र वार्षिक योजना तर्जुमा ।

**४) नीति तथा योजना कार्यान्वयनको चरणः**

(१) साझेदार र सरोकारवालाहरुको संजाल निर्माण, समन्वय र सहकार्य ।

(२) बाल क्लब, बाल क्लव संजाल, टोल विकास संस्था/समुदायमा आधारित संस्था लगायतका सरोकारवाला र साझेदारहरुलाई बालमैत्री स्थानीय शासन सम्वन्धी अभिमुखीकरण/तालिम/ अध्ययन अवलोकन र क्षमता विकास ।

(३) बजेट विनियोजन र वडा/स्थानीय तहको बालबालिकाको आवधिक/वार्षिक लगानी योजना कार्यान्वयन ।

(४) स्थानीय तहको आवधिक/दीर्घकालीन र वार्षिक योजना कार्यान्वयन ।

(५) बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्ति ।

**५) अनुगमन, मूल्यांकनको चरणः**

(१) वडा कार्यालय/गाउँपालिका/नगरपालिका वाट संयुक्त अनुगमन, समीक्षा, मूल्याङ्कन ।

(२) स्थानीय तहको सम्बन्धित विषयगत शाखा वाट न्यूनतम् सूचक पुरा भएको प्रमाणीकरण ।

(३) बालबालिकाको स्थितिपत्र तयारी, प्रकाशन र सार्वजनिकीकरण ।

(४) बालमैत्री घोषणाका लागि तोकिएको निकायवाट अनुगमन र प्रतिवेदन तयारी ।

## ६) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको चरण:

1. बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा ।
2. बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको लागि तोकिएको निकायवाट लिखित सहमति प्राप्ति ।
3. बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा गर्ने वडा समिति र गाउँ/नगर सभाको निर्णय ।
4. बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र यसको निरन्तरता ।

## ७) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणाको निरन्तरताको चरण:

(१) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना कार्यान्वयन ।

(२) बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रिया र सूचक अनुसार नतिजा प्राप्तिको सुनिश्चितता ।

## खण्ड ४: बालमैत्री स्थानीय शासनको विस्तार र स्रोत व्यवस्था

### १४. बालमैत्री स्थानीय शासन पद्धति विस्तार

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलव्धता र गुणस्तरमा उल्लेखनीय सुधार गर्ने लक्ष्यका साथ तर्जुमा गरिएको यस रणनीतिमा समावेश गरिएका न्यूनतम सूचकहरू प्राप्तिमा यस पद्धति विस्तारको महत्वपूर्ण भूमिका रहनेछ । यसैले यस पद्धतिको विकास र विस्तार गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

साविकका ३४ जिल्ला विकास समिति, ३३ नगरपालिका र ९८२ गाउँ विकास समितिहरुले बालमैत्री स्थानीय शासन अवलम्वन गरेका थिए । यसमध्ये १ उपमहानगरपालिका, १ नगरपालिका र ११ गाउँ विकास समितिहरु बालमैत्री स्थानीय निकायको रुपमा घोषणा भएका थिए । स्थानीय तहको पुन:संरचना पश्चात ३ वटा नगरपालिका ३ वटा वडा र १ गाउँपालिकाको १ वडा बालमैत्री घोषणा भएका छन् । यसरी वि.सं. २०६८ मा शुरु भएको बालमैत्री स्थानीय शासन संचालनमा हालसम्म भई आएका प्रयासहरू, स्थानीय तह तथा सम्बन्धित साझेदार निकायहरूको चासो र सहयोगी भूमिकालाई आधार मानी देहायको तालिकामा उल्लेख भए बमोजिमको स्थानीय तहहरूमा यस पद्धतिको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । यस कार्यमा केन्द्र, प्रदेश, नगरपालिका र गाउँपालिकास्तरसम्मका सबै साझेदार संस्थाहरुको उल्लेखनीय भूमिका रहनेछ । गाँउ/नगरपालिकाको छनौट बालमैत्री स्थानीय शासन प्रदेश समितिले निर्धारण गरे बमोजिम र वडा छनौट अनुसूची २ लाई आधार मानि सम्बन्धित गाउँ/नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ । बालमैत्री स्थानीय शासन अवलम्वन देहायको तालिक वमोजिम हुनेछ ।

| स्थानीय तह/वर्ष | आ.व. २०७४/७५ | आ.व. २०७८/७९सम्म | आ.व. २०८१/८२सम्म | आ.व. २०८४/८५सम्म | आ.व. २०८७/८८सम्म |
|---|---|---|---|---|---|
| नगरपालिका | २ | ६० | १३० | २३० | २९३ |
| गाँउपालिका | १० | १०० | २०० | ३५० | ४६० |
| गाउँ/नगरपालिकाका वडा | १०८ | १४३२ | २९५५ | ५१९३ | ६७४३ |

### १५. वित्तीय स्रोत व्यवस्था

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूको उल्लेख्य भूमिका रहनेछ । नेपाल सरकारले स्थानीय तहमा जाने शर्सत अनुदान /लक्षित कार्यक्रम मार्फत थप अनुदान उपलव्ध गराउने रकमबाट यस क्षेत्रमा खर्च जुटाउन सहयोग पुग्नेछ । प्रदेश सरकारले स्थानीय तहलाई शर्सत अनुदान /लक्षित कार्यक्रम सञ्चालन गर्न अनुदान उपलव्ध गराउने छ । विकास साझेदारहरूले यस रणनीतिको कार्यान्वयनको लागि सामुहिक वा छुट्टा छुट्टै रुपमा कार्यक्रम सहयोग वा बजेटगत सहयोग वा अन्य

सहयोगको रुपमा समझदारी पत्रमा उल्लेख भए बमोजिम थप वित्तीय सहयोग उपलव्ध गराउने छन् । नेपाल राष्ट्रिय कार्यक्रम कार्ययोजनामा उल्लेख भए बमोजिम सन् २०२२ सम्म र त्यसपछि पनि निर्धारित कार्यक्रमलाई सघाउ पुग्ने गरी युनिसेफ लगायतका विकास साझेदार संस्थाहरूबाट सहयोग प्राप्त गर्न ध्यान दिइनेछ । स्थानीय तहले बालबालिकाको लागि आवधिक तथा वार्षिक लगानी योजना तर्जुमा गर्ने र यसको कार्यान्वयनको लागि आफ्नो कुल पूजीँगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन गर्नेछन् । गैर सरकारी संस्था र अन्य सहयोगी संस्थाहरूले यो रणनीतिको कार्यान्वयनको लागि बनेको आवधिक तथा वार्षिक योजनासंग सह-सम्वन्ध कायम राखी बजेट सहयोग वा कार्यक्रम संचालनमा सहयोग उपलव्ध गराउनेछन् । विकास साझेदार, गैर सरकारी संस्था वा अन्य साझेदार संस्थाहरुले यस रणनीति वमोजिम कार्य गर्ने गरी बालमैत्री स्थानीय शासन कार्यान्वयनको प्रक्रिया, तह र सूचकहरु पुरा गर्ने कार्यमा सहयोग पुग्नेगरी आफ्ना कार्यक्रम संचालन गर्न सक्नेछन् ।

यसका साथै सर्म्पक संघीय तथा प्रदेश मन्त्रालयले स्थानीय तहको अनुगमन मूल्याङ्कन लगायतका सूचकहरूमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू थप गर्नेछन् र यस सम्बन्धी सूचकहरूको मूल्याङ्कनको आधारमा स्थानीय तहलाई वार्षिक एकमुष्ट विशेष अनुदान/थप आर्थिक अनुदान दिन र विकास साझेदारहरुबाट थप स्रोत जुटाउन प्राथमिकता दिनेछन् ।

## १६. बालमैत्री स्थानीय शासनको संस्थागत संरचना सम्बन्धी व्यवस्था

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नेतृत्वदायी भूमिका निर्वाह स्थानीय तहबीच समन्वय गरी स्थानीय विकास प्रक्रियामा सहजीकरणको कार्य स्थानीय तहको सर्म्पक संघीय मन्त्रालयले गर्नेछ । आफ्नो प्रदेश भित्रका स्थानीय तहको लागि प्रदेश सरकारले यस्तो कार्य गर्नेछ । केन्द्रस्तरबाटबालमैत्री स्थानीय शासनको लागि नीतिगत व्यवस्था मिलाउने, बाल अधिकारको संस्थागत विकासको लागि अन्य निकायहरूलाई मूल प्रवाहीकरण गर्ने, राष्ट्रिय आवधिक र दीर्घकालीन योजना बनाउने, बालमैत्री सम्बन्धी नमुना सूचकहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अभिप्रेरित गर्ने, बाल विकास र संरक्षणको लागि शसर्त अनुदान उपलव्ध गराउने, संघीय विषयगत मन्त्रालयहरूलाई बालमैत्री नीति तथा रणनीति तर्जुमा गर्न समन्वय र सहकार्य गर्नेजस्ता कार्य गर्न संघीय सर्म्पक मन्त्रालयले संस्थागत व्यवस्था मिलाउनेछ ।

राष्ट्रिय योजना आयोग, शिक्षा, स्वास्थ्य, श्रम, गृह, अर्थ, पूर्वाधार विकास लगायतका संघीय मन्त्रालय र मातहतका निकायहरू, केन्द्रीय बाल कल्याण समिति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार र निजी क्षेत्रले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आवश्यक कार्यक्रमहरू संचालन गर्नेछन् ।

बालमैत्री स्थानीय शासनको विकास प्रक्रियामा सहजीकरण गरि स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछ । प्रदेशस्तरबाट बालमैत्री स्थानीय शासनको लागि नीतिगत व्यवस्था मिलाउने, बाल अधिकारको संस्थागत विकासको लागि अन्य निकायहरूलाई मूल प्रवाहीकरण गर्ने, आवधिक र दीर्घकालीन योजना बनाउने, बालमैत्री सम्बन्धी थप सूचकहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अभिप्रेरित गर्ने, बाल

विकास र संरक्षणको लागि शसर्त अनुदान उपलब्ध गराउने, प्रदेश सरकारका विषयगत मन्त्रालयहरूलाई बालमैत्री नीति तथा रणनीति तर्जुमा गर्न समन्वय र सहकार्य गर्ने जस्ता कार्य गर्न प्रदेश सर्म्पक मन्त्रालयले संस्थागत व्यवस्था मिलाउनेछ ।

बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रमलाई संस्थागत रुपमा व्यवस्थित गरी समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्न केन्द्रस्तरमा “बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति” प्रदेशस्तरमा “बालमैत्री स्थानीय शासन प्रदेश समिति” तथा नगर र गाउँपालिकास्तरमा “बालमैत्री स्थानीय शासन नगर/गाउँ समिति” एंव वडास्तरमा “बालमैत्री स्थानीय शासन वडा समिति” गठन गरिनेछ । साथै समुदायस्तरमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न समुदायस्तरीय समिति गठन र संचालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

## खण्ड ५: बालमैत्री स्थानीय शासन संचालनको संस्थागत व्यवस्था

१७. **बालमैत्री स्थानीय शासन राष्ट्रिय समितिः**

बालमैत्री स्थानीय शासनलाई एकीकृत र समन्वयात्मक ढंगबाट संघ, प्रदेश एवं स्थानीयस्तरमा प्रवर्द्धन गर्ने प्रयोजनको लागि संघीय तहमा देहाय बमोजिमको "बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति" गठन हुनेछ :

| | |
|---|---|
| (१) सचिव, स्थानीय तहको संघीय सर्म्पक मन्त्रालय | – अध्यक्ष |
| (२) मन्त्रालयले तोकेको बालबालिका सम्वद्ध विषय हेर्ने प्रदेश मन्त्रालयहरु मध्येवाट चक्रिय रुपवाट २ जना | –सदस्य |
| (३) सह सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (४) सह सचिव, सम्वन्धीत महाशाखा हेर्ने, स्थानीय तहको संघीय सर्म्पक मन्त्रालय | – सदस्य |
| (५) सह सचिव, गृह मन्त्रालय | – सदस्य |
| (६) सह सचिव, शिक्षा मन्त्रालय | – सदस्य |
| (७) सह सचिव, संघीय बालबालिका सम्वन्धी मन्त्रालय | – सदस्य |
| (८) सह सचिव, स्वास्थ्य मन्त्रालय | – सदस्य |
| (९) सह सचिव, श्रम तथा रोजगार मन्त्रालय | – सदस्य |
| (१०) सह सचिव, पूर्वाधार विकास तथा यातायात मन्त्रालय | – सदस्य |
| (११) कार्यकारी निर्देशक, केन्द्रीय बाल कल्याण समिति | – सदस्य |
| (१२) प्रहरी नायव महानिरीक्षक, प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका निर्देशनालय | – सदस्य |
| (१३) उप सचिव, स्थानीय तहको संघीय सर्म्पक मन्त्रालयको सम्वन्धीत शाखा प्रमुख | –सदस्य सचिव |

नोटः (१) यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
(२) संघीय मन्त्रालय एवं केन्द्रीय तहका निकायहरुको पुनःसंरचना भै नाम वा संख्या फरक पर्न गएमा सोही वमोजिम हुनेछ ।

१८. **बालमैत्री स्थानीय शासन प्रदेश समितिः**

बालमैत्री स्थानीय शासनलाई एकीकृत र समन्वयात्मक ढंगबाट पदेश एवं स्थानीयस्तरमा प्रवर्द्धन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको "बालमैत्री स्थानीय शासन प्रदेश समिति" गठन हुनेछ :

(१) सचिव, स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालय – अध्यक्ष

(२) सह सचिव, प्रदेश अर्थ तथा योजना मन्त्रालय – सदस्य

(३) सह सचिव, सम्वन्धीत महाशाखा हेर्ने, स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालय – सदस्य

(४) सह सचिव, प्रदेश गृह मामिला मन्त्रालय – सदस्य

(५) सह सचिवहरु, प्रदेश शिक्षा, स्वास्थ्य, श्रम, पूर्वाधार विकास, यातायात, महिला तथा बालबालिका सम्वन्धी मन्त्रालय – सदस्य

(६) वरिष्ठ प्रहरी अधिकृत, प्रदेश प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका हेर्ने – सदस्य

(८) उप सचिव, स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालयको सम्वन्धीत महाशाखा प्रमुख –सदस्य सचिव

नोटः (१) यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) प्रदेश मन्त्रालय एवं प्रदेश तहका निकायहरुको पुनःसंरचना भै नाम वा संख्या फरक पर्न गएमा सोही वमोजिम हुनेछ ।

१९. **बालमैत्री स्थानीय शासन गाँउ/नगर समितिः**

गाँउ/नगरपालिकास्तरमा बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन गाँउ/नगर समिति रहनेछ :

(१) अध्यक्ष /प्रमुख, गाँउ/नगरपालिका -अध्यक्ष

(२) उपाध्यक्ष/उप प्रमुख, गाँउ/नगरपालिका -उपाध्यक्ष

(३) गाँउ/नगर कार्यपालिकाको महिला सदस्य १ जना – सदस्य

(४) गाँउ/नगरपालिकाले मनोनयन गरेको महाशाखा/शाखा प्रमुखहरु (स्वास्थ्य, शिक्षा महिला, खानेपानी तथा सरसफाइ) -सदस्य

(५) गैसस महासंघ गाँउ/नगरपालिका स्तरीय शाखाको प्रतिनिधि (महिला र बालवालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्था मध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि) १ जना -सदस्य

(६) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरु मध्येबाट गाँउ/नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१/१ जना) -सदस्य

(७) गाँउ/नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाँउ/नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(८) गाँउ/नगरपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य

(९) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये गाँउ/नगरपालिकाले तोकेको महिला प्रतिनिधि[3], (१ जना) – सदस्य

(१०) गाँउ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालय/चौकि मध्ये १ का महिला तथा बालबालिका सेल हेर्ने प्रतिनिधि १ जना – सदस्य

(११) प्रमुख प्रशासकीय अधिकृत, गाँउ/नगरपालिका सदस्य –सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## २०. **बालमैत्री स्थानीय शासन वडा समितिः**

वडास्तरमा बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछ :

(१) वडा अध्यक्ष -अध्यक्ष

(२) वडा अध्यक्षले तोकेको वडा कार्यपालिकाको महिला/दलित महिला सदस्य - उपाध्यक्ष

(३) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि (१ जना) -सदस्य

(४) महिला र बालवालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट वडा समितिले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(७) वडास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका) -सदस्य

(८) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि[4], (१ जना) – सदस्य

---

[3] यसरी महिला सदस्य छनौट गर्दा महिला हिंसा निगरानी समूह वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

[4] यसरी महिला सदस्य छनौट गर्दा महिला हिंसा निगरानी समूह वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

(९) प्रतिनिधि, वडा बाल संरक्षण समिति – सदस्य

(१०) वडा सचिव -सदस्य –सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

२१. **बालमैत्री स्थानीय शासन समुदायस्तरीय समितिः**

बालमैत्री स्थानीय शासनलाई समुदायस्तरमा संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री समुदायस्तरीय समिति गठन गर्न सकिनेछ :

(१) सामुदायिक संस्था वा समूहका अध्यक्षहरुमध्ये वडा समितिले तोकेको प्रतिनिधि -अध्यक्ष

(२) स्थानीय विद्यालयका प्रधानाध्यापकहरु मध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेको १ जना प्रतिनिधि -सदस्य

(३) समुदायमा रहेका बाल समूहमध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेका १ जना बालिका सहित २ जना बाल प्रतिनिधि -सदस्य

(४) महिला र बालवालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये वडा समितिले तोकेको महिला प्रतिनिधि[5], (१ जना) -सदस्य

(५) सामुदायिक संस्था वा समुहका सचिव वा मेनेजरहरु मध्येबाट उनीहरुले छानेको प्रतिनिधि (१ जना) -सदस्य

(६) वडा समिति तोकेको व्यक्ति - सदस्य –सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

उपरोक्त समितिहरुले आ-आफ्नो क्षेत्रका सम्बन्धित संघ, प्रदेश एवं स्थानीय तहहरु, गैसस एवं निजी क्षेत्रका संघसंस्थासँग समन्वय गरी बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास र विस्तार गर्न सघाउ पुर्‍याउनु पर्दछ।

---

यसरी सदस्य छनौट गर्दा महिला हिंसा निगरानी समूह वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ।

[5] यसरी महिला सदस्य छनौट गर्दा महिला हिंसा निगरानी समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ।

# खण्ड ६: साझेदार संस्थाहरु र तिनको भूमिका[6]

## २२. केन्द्रीयस्तरका साझेदारहरु:

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्ने प्रक्रियामा देहायका केन्द्रीयस्तरका साझेदार संस्थाहरु रहनेछन्:

(क) अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग

१. बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तथा रणनीति बारे समन्वय गर्ने,
२. सबै सरकारी एवं गैर सरकारी क्षेत्रमा बालमैत्री स्थानीय शासन पद्धतिलाई मूलप्रवाहीकरण गर्न नीतिगत निर्देशन दिने एवं साझेदारी स्थापना गर्ने गराउने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन तथा आवधिक योजना तर्जुमामा सहयोग र समन्वय गर्ने,
४. बालमैत्री योजना र कार्यक्रमलाई सरकारको नीति र कार्यक्रमको प्रमुख प्राथमिकतामा राखी यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सामन्जस्य गर्ने,
५. बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास एवं प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गर्ने,
६. बालमैत्री स्थानीय शासन संचालनका लागि आवश्यक बाह्य स्रोत जुटाउन सहयोग र समन्वय गर्ने,
७. नेपाल सरकारको कार्यक्रम तथा बजेट प्रणालीलाई बालमैत्री बनाउने,
८. बाल अधिकार सम्बन्धी सूचकहरुलाई गरिबी अनुगमन तथा विश्लेषण व्यवस्थासंग आवद्ध गरी अनुगमन प्रणाली स्थापित गर्ने,
९. बालमैत्री स्थानीय शासन संचालन गर्न प्रदेश र स्थानीय तहलाई सहजीकरण गर्ने,
१०. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ख) स्थानीय तहको संघीय सर्म्पक मन्त्रालय

१. बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना कार्यक्रम तथा रणनीति तर्जुमाका लागि सम्पर्क मन्त्रालयका रुपमा कार्य गर्ने,

---

[6] नोटः संघ तथा प्रदेशस्तरका मन्त्रालय, एवं निकायहरुको पुन:संरचना भै नाम वा संख्या फरक पर्न गएमा सोही वमोजिम हुनेछ ।

२. प्रदेश तथा स्थानीयस्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग र समन्वय गर्ने,
३. बालमैत्री स्थानीय शासन संचालनका लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोत जुटाउन प्रदेश/स्थानीय तहहरुको सम्पर्क मन्त्रालयको रुपमा कार्य गर्ने,
४. स्थानीय तहको वार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गराउन केन्द्रवाट प्रोत्साहित गर्ने,
५. स्थानीयस्तरको योजना प्रक्रियामा बालबालिकाका सबालहरुलाई समावेश गराउने र अनुगमन सूचकलाई बालमैत्री वनाउन सहयोग गर्ने,
६. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको संघवाट अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,
७. आवश्यकता अनुसार सम्बन्धित प्रदेश/स्थानीय तहलाई प्राविधिक सहयोग, सहजीकरण र पृष्ठपोषण उपलव्ध गराउने ।

**(ग) संघीय विषयगत मन्त्रालयहरु** (महिला, बालबालिका तथा समाज कल्याण, स्वास्थ्य, शिक्षा, कानून, पूर्वाधार विकास, यातायात, श्रम, सम्वन्धी मन्त्रालयहरु)

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धनका लागि स्थानीय तहको सर्म्पक मन्त्रालयलाई सहयोग गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको विकासको लागि केन्द्रवाट स्रोत विनियोजन र परिचालन गर्ने,
३. बाल अधिकार महासन्धि लगायत अन्य सन्धि सम्झौताहरुको प्रादेशिक तथा स्थानीयस्तरमा कार्यान्वयन गर्न गराउन सहयोग गर्ने,
४. बाल अधिकार सम्बन्धी महासन्धि लगायत अन्य सन्धि महासन्धिहरुको पूर्ण कार्यान्वयनको खाका तयार गरी अनुगमन गर्ने,
५. बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न प्रदेश तथा स्थानीय तहलाई सघाउने,
६. प्रदेश तथा स्थानीय तहलाई बाल अधिकार सम्बन्धी परामर्श सुझाव दिने,
७. स्वास्थ्य तथा जनसंख्या, शिक्षा, पूर्वाधार विकास, यातायात, श्रम, कानून निर्माण लगायतका विषयमा संघीय नीति, योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,
८. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न कानून तर्जुमा एवं परिमार्जन गर्दा बाल अधिकार सम्बन्धी विषयलाई ध्यान दिने,
९. बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धन तथा प्रोत्साहनका लागि मातहतका निकायहरुको बजेट तथा कार्यक्रम बालमैत्री भए नभएको लेखाजोखा गर्ने,
१०. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका विभिन्न प्रदेश तथा केन्द्रियस्तरमा कार्यरत संघसंस्था तथा कार्यक्रमहरु बीच समन्वय र सहजीकरण गर्ने,
११. स्थानीयस्तरमा निर्माण भएका र हुने भौतिक पूर्वाधारहरु बालमैत्री वनाउने आवश्यक नीति एंव मार्गदशन प्रदेश तथा स्थानीय तहलाई गर्ने गराउने,

१२. बालमैत्री स्थानीय शासन सम्बन्धमा महिला, बालबालिका तथा समाज कल्याण, स्वास्थ्य, शिक्षा, कानून, पूर्वाधार विकास, यातायात, श्रम, लगायतका क्षेत्रमा प्रदेश तथा स्थानीयस्तरमा भएको कार्यको केन्द्रवाट अनुगमन र मूल्याङ्कन गर्ने कार्यमा सहयोग गर्ने, गराउने ।

(घ) केन्द्रीय बाल कल्याण समिति

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न केन्द्रीयस्तरको प्राविधिक तहको रुपमा काम गर्ने,
२. बाल कल्याण समितिहरुबाट संचालन हुने कार्यक्रमलाई बालमैत्री बनाउने,
३. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न मातहतका निकाय र संघसंस्थालाई निर्देशन दिने,
४. बालमैत्री स्थानीय शासनको क्षेत्रमा स्रोत विनियोजन र परिचालन गर्ने गराउने,
५. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका कार्यहरुको अनुगमन र मूल्याङ्कन गर्ने गराउने ।

(ङ) बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति

१. बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न नेपाल सरकारलाई नीतिगत पृष्ठपोषण गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न केन्द्रीयस्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
३. बालवालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा निकायबीच आवश्यक समन्वय गर्ने गराउने,
४. विषयगत मन्त्रालय, प्रदेश सरकार र तिनका निकाय र स्थानीय तहहरुलाई बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने,
५. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्रोतको पहिचान र परिचालन गर्ने गराउने,
६. बालबालिकासँग सरोकार राख्ने सबै साझेदार तहहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिगत निर्देशन दिने ।
७. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(च) समाज कल्याण परिषद्

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न बालबालिकाको क्षेत्रमा कार्यरत अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु संघीय सरकारबीच समन्वय गर्ने गराउने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धनको लागि स्रोतको विनियोजन र परिचालन गर्ने गराउने ।

(छ) बालवालिकाको क्षेत्रमा कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरु

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न नेपाल सरकार र स्थानीय तहहरुलाई सघाउने, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहसंग कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समन्वय गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको विकास र विस्तारको लागि संस्थागत क्षमता विकासमा सहयोग गर्ने,
३. स्थानीय तहहरुलाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न सघाउने,
४. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

२३. **प्रदेश स्तरका साझेदारहरुः**

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्ने प्रक्रियामा देहायकका प्रदेशस्तरका साझेदार संस्थाहरु रहनेछन्:

**(क) प्रदेश अर्थ मन्त्रालय तथा प्रदेश योजना आयोग**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी प्रादेशिक नीति तथा रणनीति बारे समन्वय गर्ने,
२. प्रदेशस्तरका सबै सरकारी एवं गैर सरकारी क्षेत्रमा बालमैत्री स्थानीय शासन पद्धतिलाई मूलप्रवाहीकरण गर्न नीतिगत निर्देशन दिने एवं साझेदारी स्थापना गर्ने गराउने,
३. प्रदेशस्तरमा बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन तथा आवधिक योजना तर्जुमामा सहयोग र समन्वय गर्ने,
४. बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास एवं प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गर्ने,
५. प्रदेश सरकारको कार्यक्रम तथा बजेट प्रणालीलाई बालमैत्री बनाउने,
६. बालमैत्री योजना र कार्यक्रमलाई प्रदेश सरकारको नीति र कार्यक्रमको प्रमुख प्राथमिकतामा राखी यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सामन्जस्य गर्ने,
७. प्रदेशस्तरमा बाल अधिकार सम्बन्धी सूचकहरुलाई गरिबी अनुगमन तथा विश्लेषण प्रणाली संग आवद्ध गरी अनुगमन प्रणाली स्थापित गर्ने,
८. स्थानीय तहमा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको आवधिक समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।
९. बालमैत्री स्थानीय शासन संचालन गर्न स्थानीय तहलाई सहजीकरण गर्ने,

(ख) स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालय

१. बालमैत्री स्थानीय शासन सम्बन्धी प्रदेशस्तर नीति, योजना कार्यक्रम तथा रणनीति तर्जुमाका लागि सम्पर्क मन्त्रालयका रुपमा कार्य गर्ने,
२. स्थानीयस्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग र समन्वय गर्ने,
३. स्थानीय तहको वार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गर्न प्रोत्साहित गर्ने,
४. स्थानीयस्तरको योजना प्रक्रियामा बालबालिकाका सबालहरुलाई समावेश गराउने र अनुगमन सूचकलाई बालमैत्री वनाउन सहयोग गर्ने,
५. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको प्रदेशवाट अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,
६. बालमैत्री स्थानीय शासन सम्बन्धमा आवश्यक तालिम तथा गोष्ठी संचालन गर्ने गराउने,
७. आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई सहजीकरण र पृष्ठपोषण उपलव्ध गराउने ।

**(ग) प्रदेश सरकारका विषयगत मन्त्रालयहरु** (महिला, बालबालिका तथा समाज कल्याण, स्वास्थ्य, शिक्षा, कानून, पूर्वाधार विकास, यातायात, श्रम, सम्वन्धी मन्त्रालयहरु)

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धनका लागि स्थानीय तहको प्रदेश सर्म्पक मन्त्रालयलाई सहयोग गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको विकासको लागि प्रदेसस्तरवाट स्रोत विनियोजन र परिचालन गर्ने,
३. बाल अधिकार महासन्धि लगायत अन्य सन्धि सम्झौताहरुको केन्द्रिय नीतिको अधिनमा रहि स्थानीयस्तरमा बाल अधिकार सम्बन्धी कार्यहरु गर्न गराउन सहयोग गर्ने,
४. बाल अधिकार सम्बन्धी महासन्धिको पूर्ण कार्यान्वयनको खाका तयार गरी अनुगमन गर्ने,
५. बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय तहलाई सघाउने,
६. स्थानीय तहलाई बाल अधिकार सम्बन्धी परामर्श सुझाव दिने,
७. स्वास्थ्य तथा जनसंख्या, शिक्षा, पूर्वाधार विकास, यातायात, श्रम, कानून निर्माण लगायतका विषयमा प्रदेशका नीति, योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,
८. प्रदेशस्तरमा बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न कानून तर्जुमा एवं परिमार्जन गर्दा बाल अधिकार सम्बन्धी विषयलाई ध्यान दिने,
९. बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धन तथा प्रोत्साहनका लागि मातहतका निकायहरुको बजेट तथा कार्यक्रम बालमैत्री भए नभएको लेखाजोखा गर्ने,
१०. बालमैत्री स्थानीय शासन सम्बन्धि विषयमा प्रदेशस्तरमा कार्यरत संघसंस्था तथा कार्यक्रमहरु बीच समन्वय र सहजीकरण गर्ने,
११. स्थानीयस्तरमा निर्माण भएका र हुने भौतिक पूर्वाधारहरु बालमैत्री वनाउने आवश्यक नीति एंव मार्गदशन स्थानीय तहलाई गर्ने गराउने,

१२. बालमैत्री स्थानीय शासन सम्बन्धमा भए गरेका योजना, कार्यक्रम र कार्यहरुको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(घ) बालमैत्री स्थानीय शासन प्रदेश समिति

१. प्रदेशस्तरमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, निर्देशिका तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न प्रदेश सरकारलाई नीतिगत पृष्ठपोषण गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न प्रदेशस्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
३. प्रदेशस्तरमा बालवालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा निकायबीच आवश्यक समन्वय गर्ने गराउने,
४. प्रदेशस्तरका विषयगत मन्त्रालय र मातहतका निकाय र स्थानीय तहहरुलाई बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने,
५. प्रदेशस्तरमा बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्रोतको पहिचान र परिचालन गर्ने गराउने,
६. बालबालिकासँग सरोकार राख्ने प्रदेशस्तरका साझेदार निकायहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षण र नीतिगत पृष्ठपोषण गर्ने गराउने ।
७. प्रदेश तथा स्थानीयस्तरमा सञ्चालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

२४. **स्थानीय स्तरका साझेदारहरु:**

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्ने प्रक्रियामा देहायकका स्थानीयस्तरका साझेदार संस्थाहरु रहनेछन्:

(क) जिल्ला समन्वय समिति

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको लागि समन्वय तथा सम्पर्क डेस्कको व्यवस्था गर्ने,
२. विभिन्न सरोकारबालाकोबीचमा सम्पर्क, समन्वय र साझेदारी विकास गरी बालमैत्री स्थानीय शासन सञ्चालनमा गाँउ/नगरपालिकालाई सहयोग गर्ने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्न गाँउ/नगरपालिकालाई सहयोग गर्ने,
४. बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तहमा संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,
५. बालमैत्री स्थानीय तह घोषणाको लागि स्थलगत अनुगमन गरी आवश्यक सुझाव दिने ।
६. बालमैत्री स्थानीय शासनको आवधिक समीक्षा गरी कार्यक्रम संचालनमा देखा परेका समस्याहरु निराकरणमा गाँउ/नगरपालिकालाइ सहयोग गर्ने,

२५. **<u>गाउँ तथा नगरस्तरीय साझेदारहरुः</u>**

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्ने प्रक्रियामा देहायका गाउँ तथा नगरस्तरका साझेदार संस्थाहरु रहनेछन्:

(क) <u>गाउँ /नगरपालिका</u>

१. केन्द्र र प्रदेश तथा अन्य सरोकार निकायवाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आ-आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,
२. आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने,
३. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि सम्पर्क व्यक्ति तोक्ने,
४. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम संचालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
५. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि बजेट विनियोजन गर्ने,
६. बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने,
७. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,
८. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,
९. बाल क्लव/समुह तथा संजालहरुको विकासमा सहयोग पुऱ्याउने,
१०. बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने,
११. आ-आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।
१२. गर्भवती महिला एवं बालवालिकाको स्वास्थ्य सम्बन्धी सेबालाई बालमैत्री गराउने
१३. बालवालिकाको आधारभूत स्वास्थ्य प्रवर्द्धनको लागि संचालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने
१४. बालवालिकाको शैक्षिक विकासका लागि संचालन गरिने योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,
१५. विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलव्ध गराउने योजना कार्यान्वयन गर्ने,
१६. बालवालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,
१७. बाल क्लव/समुह तथा संजालहरुलाई सुचिकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने,
१८. वडालाई बालमैत्री घोषणा गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।

(ख) बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति

१. बालमैत्री स्थानीय शासन सम्बन्धी गाउँ/नगरस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न गाउँ/नगरपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न गाउँ/नगरपालिकास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
३. बालवालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा तहबीच आवश्यक समन्वय गर्ने गराउने,
४. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

(ग) गाउँ /नगर कार्यपालिकाका महाशाखा, शाखा, ईकाई

१. महिला तथा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने
२. बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्न क्रियाशिल रहने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने,
४. सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने ।
५. आ-आफ्नो विषयमा संचालन हुने नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्ने,
६. आ-आफ्नो विषयमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने र स्वीकृतिको लागि गाँउ/नगरपालिकामा पेश गर्ने ।
७. बालमैत्री स्थानीय शासनका सम्बन्धित सूचकहरुको अवस्था विश्लेषण, अनुगमन र प्रमाणिकरण गर्ने ।

(घ) बाल क्लव/संजाल, महिला संजाल तथा गैर सरकारी संस्था

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न आफ्ना सदस्यहरुलाई परिचालन गर्ने,
२. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह र विषयगत शाखालाई सहयोग गर्ने,

३. बालबालिका सम्बन्धी कार्य गर्दा स्थानीय तहसंग समन्वय गरी एकद्वार पद्धतिबाट कार्य गर्ने गराउने,
४. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

**(ङ) गाँउ/नगर वडा समिति**

१. गाँउ/नगरपालिकावाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आफ्नो कार्य क्षेत्रमा लागू गर्ने,
२. आफ्नो वडामा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना तर्जुमा र बजेट बिनियोजन गर्ने गरी गाँउ/नगरपालिकामा पेश गर्ने,
३. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि आफ्नो वडामा सम्पर्क व्यक्ति तोक्ने,
४. बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि वडास्तरमा योजना तथा कार्यक्रम संचालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
५. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,
६. वडामा संचालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,
७. बाल क्लव/समुह तथा संजालहरुको विकासमा सहयोग पुर्‍याउने,
८. बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने,
९. आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।
१०. बाल क्लव/समुह तथा संजालहरुलाई आफ्नो वडामा सुचिकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने ।
११. आफ्नो वडालाई बालमैत्री वडा वनाउने ।

**(च) बालमैत्री स्थानीय शासन वडा समिति**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको नीति तथा योजना तयार गर्न र यस पद्धतिको प्रवर्द्धन गर्न वडा समितिलाई नीतिगत पृष्ठपोषण गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न वडास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धि आवधिक, वार्षिक लगानी योजना तर्जुमा र बजेट विनियोजन गर्न वड समिति र गाउँ/नगरपालिका संग समन्वय गर्ने,
४. बालवालिकाको क्षेत्रमा वडास्तरमा कार्यरत अन्तर्राष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा तहबीच आवश्यक समन्वय गर्ने गराउने,
५. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

**(छ) बालमैत्री स्थानीय शासन समुदाय समिति, सामुदायिक संस्था, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था, गैसस तथा अन्य संघसंस्था**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गरी सेवा प्रवाहमा सहयोग पुऱ्याउने,
२. बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदायस्तरसम्म पुऱ्याउन प्रवर्द्धनात्मक कार्यहरु गर्ने,
३. बाल समूहहरुको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने,
४. कार्यक्रमको स्वःअनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने,
५. स्थानीयस्तरमा उपलव्ध साधन स्रोत बालबालिकाका क्षेत्रमा परिचालन गर्ने,
६. सरोकारबालासंग सम्पर्क एवं समन्वय गर्ने र साझेदारी निर्माण गर्ने,
७. स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम संचालन गर्ने,
८. आ-आफ्नो क्षेत्रमा संचालन हुने कार्यक्रमको स्वामित्व ग्रहण गर्ने,
९. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

# खण्ड ७: बालमैत्री स्थानीय शासनका अपेक्षित प्रतिफल तथा सूचकहरू

## २६. बालमैत्री स्थानीय शासनका प्रतिफलहरू

यस रणनीति बमोजिम बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको उपलब्धिहरू प्राप्त हुनेछन् ।

### (१) बालबालिकाको लागि स्थानीय विकास योजना

बालबालिकाको लागि स्थानीय विकास योजनामा स्थानीय तहहरूले बाल अधिकार र बालबालिकाको समग्र विकासको क्षेत्रमा देखिएका सवाल र आवश्यकतालाई सम्बोधन गर्ने गरी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरू समावेश भएको विकास योजना दस्तावेज तयार गर्नेछन् । यस योजनाले निश्चित अवधिमा निश्चित उपलब्धि हासिल गर्न लगानीको आधार समेत तयार गर्नेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । यस्तो योजनालाई स्थानीय तहको आवधिक एवं दीर्घकालीन योजनासँग आबद्ध गरिनेछ ।

### (२) बालबालिकाको लागि लगानी योजना

माथि उल्लिखित वस्तुस्थिति विवरण तथा विकास योजनाले लिएका निर्दिष्ट लक्ष्य हासिल गर्न स्थानीय तहले बालबालिकाको लागि लगानी योजना तर्जुमा गर्नेछन् । यस्तो लगानी योजनामा बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि अवलम्बन गरिने सबै क्रियाकलापलाई स्रोतगत रुपमा उल्लेख गरिनेछ । यसो गर्दा संघीय तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण तथा ससर्त अनुदान, बाह्य सहयोग, आन्तरिक स्रोत तथा गैसस र अन्य स्रोतवाट प्राप्त रकमलाई स्पष्ट र एकीकृत रुपमा विनियोजन गरिनेछ ।

### (३) बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिहरू तर्जुमा एवं परिमार्जन

बालमैत्री स्थानीय शासन प्रवर्द्धन र बालबालिकाको समग्र विकासको लागि नीति नियम तर्जुमा र विद्यमान ऐन नियममा आवश्यकता अनुसार परिमार्जन गर्ने रणनीति लिइनेछ । यसका अतिरिक्त स्थानीय तहहरूले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४को परिधिभित्र रही आवश्यक नीति, नियम,  निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गर्न सक्नेछन् ।

### (४) बालबालिका सम्बन्धी स्थिति पत्र तयारी तथा प्रकाशन

बालबालिका सम्बन्धी स्थितिपत्रमा बालबालिकाको विकासका क्षेत्रमा स्थानीय तहहरूद्वारा विगतका वर्षहरूमा भए गरेका कार्यहरूको उपलब्धिको विवरण, बालबालिकाको वर्तमान अवस्थाको चित्रण, बाल अधिकारको कार्यान्वयनको अवस्था, बालबालिका सम्बन्धी नीति, कानुन, योजना र कार्यसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको चित्रण गरी प्रकाशन गरिनेछ । यस सम्बन्धी विस्तृत विवरण कार्यान्वयन कार्यविधिमा उल्लेख भएबमोजिम हुनेछ ।

**(५) बालबालिकाको सहभागिता**

स्थानीय तहको नीति, योजना र कार्यक्रम तर्जुमा, बालबालिकाको क्षेत्रमा बजेट विनियोजन र त्यसको अनुगमन, मूल्यांकन प्रक्रियामा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ । त्यसका साथै बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राख्ने संरचना तथा प्रक्रियाहरुमा पनि बालबालिकाको संस्थागत ढंगबाटै सहभागिता सुनिश्चित गरिनेछ ।

## २७. उपलब्धि मापनका न्यूनतम् सूचकहरू

बालमैत्री स्थानीय शासनका आधारभूत सूचक ३९ र विस्तारित सूचक १२ गरी जम्मा ५१ वटा सूचकहरु रहेका छन् । यस पद्धति अवलम्बन गर्ने स्थानीय तहहरूले यिनै सूचकहरुलाई आफ्नो योजना तथा कार्यक्रममा समावेश गरी संचालन गरेको हुनुपर्नेछ (सूचकहरुको विस्तृत विवरण अनुसूची ३ मा दिईएको छ) । यस रणनीतिको मूल मर्ममा असर नपर्ने गरी सम्बन्धित स्थानीय तहहरूले उपलव्ध अवसर र क्षमताको आधारमा यसमा उल्लेख गरिएका सूचकहरूको स्थानीयकरण गरी लागु गर्न सक्नेछन् । सूचकहरुको स्थानीयकरण गर्दा स्थानीय तहको आवधिक योजना, राष्ट्रिय आवधिक योजना, प्रदेश आवधिक योजना, दिगो विकास लक्ष्य र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, बातावरणमैत्री स्थानीय शासन जस्ता अन्तरसम्वन्धित विषय, वहुक्षेत्रीय पोषण कार्यक्रम, सुनौला हजार दिन, सुआहारा जस्ता कार्यक्रम र खुला दिसामुक्त क्षेत्र घोषणा जस्ता अभियानहरुलाई समेत आधार मान्नु पर्नेछ । यस सम्बन्धी कार्य र नतिजा प्राप्तिको समन्वय र अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ । स्थानीय तहले यस सम्बन्धी समीक्षालाई छुट्टै क्षेत्रको रुपमा लिई नियमित समीक्षामा समाहित गर्नु पर्नेछ ।

## खण्ड ८ः बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा

### २८. बालमैत्री स्थानीय शासन पद्धतिको छनौट

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि गाँउ/नगरपालिका आफैले जिल्ला समन्वय समिति तथा प्रदेश सरकारको सहजीकरण तथा समन्वयमा बालमैत्री कार्यक्रम संचालन गर्नेछन् । वडाको छनौट सम्बन्धित गाउँ/नगरपालिकाले गर्नेछ । समग्र समन्वयकारी भुमिका भने प्रदेश सरकारमा रहनेछ । तर कुनै प्रदेश सरकार यस कार्यलाई प्राथमिकतामा नराखेमा इच्छुक गाँउ/नगरपालिकाले सम्बन्धित प्रदेश सरकारलाई यस्तो कार्यको जानकारी दिई आफै कार्यक्रम संचालन गर्न बाधा परेको मानिने छैन ।

### २९. बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन

यस पद्धतिको अवलम्बन गर्ने स्थानीय तहहरूले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै देहाय बमोजिमका कार्यहरू गरेको हुनुपर्नेछ । यस्तो कार्य गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय शासन अवलम्बनकर्ता (CFLG Adopter) मानिनेछ ।

(१) साझेदार संस्थाहरूलाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामूहिक प्रतिवद्धता व्यक्त ।
(२) बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्ययोजना तर्जुमा ।
(३) आफ्नो पूंजीगत बजेटबाट बालमैत्री स्थानीय शासनका सूचक सहितको आवधिक र वार्षिक योजनाले परिलक्षित गरेको बालमैत्री स्थानीय शासन सम्वन्धी प्रक्रिया र सूचक प्राप्तीको सुनिश्चित गर्ने गरी आवश्यक रकम विनियोजन सहितको लगानी योजना तर्जुमा ।
(४) बालमैत्री स्थानीय शासनका न्यूनतम् सेवा सूचकहरूको निर्धारण र स्थानीयकरण ।
(५) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको संस्थागत व्यवस्था (महाशाखा/शाखा/ईकाई बनाउने वा सम्पर्क विन्दु तोक्ने) ।
(६) सम्बन्धित सभाबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

### ३०. बालमैत्री स्थानीय तह घोषणा

बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तहको सभाले आफ्नो क्षेत्र (नगर/गाउँपालिका र वडा) लाई बालमैत्री स्थानीय तह/वडा भनी घोषणा (CFLG Declaration) गर्न सक्नेछन् । यस्तो घोषणा गर्नुपूर्व सम्बन्धित स्थानीय तहको सभाले यसै रणनीतिको अनुसूची ३ मा आधारित भै निर्धारण गरेको सूचक मध्ये न्यूनतम् ८० प्रतिशत सूचक हासिल गरेको हुनुपर्नेछ ।[7] यस्तो सूचक निर्धारण गर्दा सम्बन्धित स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा स्थानीय अवस्था अनुसार बालश्रम, बाल हिंसा, बाल विवाह, बाल शोषण तथा एच् आई भि एड्स न्यूनीकरण सम्बन्धी कार्यक्रम समावेश गरेको हुनुपर्दछ । यसका अलावा स्थानीय अवस्थामा आधारित भै कमलरी, छाउपडी, झुमा तथा देउकी प्रथा जस्ता सामाजिक विकृतिहरूको अन्त्य गर्ने कार्यक्रम समेत समावेश गरिएको हुनु पर्दछ । निर्धारित

[7] तथापि शत प्रतिशत हासिल गर्नुपर्ने सूचकहरूको हकमा भने यो लागु हुने छैन ।

सूचक प्राप्त भए नभएको सम्बन्धमा सर्म्पक संघीय मन्त्रालय, सर्म्पक प्रदेश मन्त्रालय  र सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गर्ने व्यवस्था मिलाउनेछन् । यसरी अनुगमन गर्दा निर्धारित सूचकहरू प्राप्त भएको प्रमाणित भएमा त्यस्ता स्थानीय तहलाई बालमैत्री स्थानीय तह घोषणा गर्न सकिने छ । यसरी बालमैत्री स्थानीय शासन घोषणा गर्ने स्थानीय तहलाई प्रदेश सरकारले पुरस्कृत गर्न सक्नेछ ।

## ३१. पुरस्कार र सम्मानको व्यवस्था :

बालमैत्री स्थानीय तह घोषणा भएका नगरपालिका वा गाँउपालिका र तिनका वडाहरुलाई देहाय वमोजिमको सम्मान र पुरस्कार प्रदान गर्न सकिनेछ :

**(१) सम्बन्धित गाउँ/नगरपालिकावाटः**

- बालमैत्री घोषणा भएको वडालाई गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुख बाट हस्ताक्षर गरिएको कदर पत्र ।
- बालमैत्री भौतिक पूर्वाधार निर्माण र बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न सभावाट थप योजना/कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने/गराउने ।

**स्पष्टिकरणः** कदर र प्रोत्साहन स्वरुप प्राप्त हुने यस्तो योजना/कार्यक्रम बालमैत्री घोषणा भएपछिका ३ वर्ष सम्म निरन्तर प्रदान गरिनेछ । घोषणाको ३ वर्ष पछि पुनः अनुगमन गरी उपयुक्त देखिएमा निरन्तरता दिन सक्नेछ ।

**(२) जिल्ला समन्वय समिति बाट :**

- जिल्ला समन्वय समिति का प्रमुखबाट हस्ताक्षर गरिएको कदर पत्र ।

**(३) सम्वन्धित प्रदेश सरकारबाट :**

- बालमैत्री नगरपालिका र गाँउपालिका घोषणाको हकमा प्रदेश सरकारका मन्त्रिबाट हस्ताक्षर गरिएको कदर पत्र ।
- बालमैत्री स्थानीय तह घोषणा भएका नगरपालिका / गाँउपालिकालाई थप अनुदान तथा नगद पुरस्कार दिन सक्ने ।

**(४) नेपाल सरकारबाट :**

- बालमैत्री नगरपालिका र गाँउपालिका घोषणाको हकमा नेपाल सरकारका सम्बन्धित मन्त्रिबाट हस्ताक्षर गरिएको कदर पत्र ।
- विशेष अनुदान दिन सक्ने ।

## ३२. **घोषणा पछिको अनुगमन सम्बन्धी व्यवस्था :**

घोषणाको निरन्तरता र सेवाको सुनिश्चिततताको लागि यसै प्रक्रिया अनुसार सम्बन्धित नगरपालिका/गाँउपालिका हकमा सम्बन्धित प्रदेश सरकार र जिल्ला समन्वय समितिले प्रत्येक २ वर्षमा एक पटक बालमैत्री स्थानीय तह घोषणा भएका नगरपालिका/गाँउपालिका र वडाको हकमा सम्बन्धित नगरपालिका/गाँउपालिका र जिल्ला समन्वय समितिले अनुगमन गर्नेछ । यस्तो अनुगमनबाट देखिएका सवल तथा कमजोर पक्षहरुलाई ध्यानमा राखी आवश्यक कार्य गर्नु सम्बन्धित नगरपालिका/गाँउपालिका र वडाको कर्तव्य हुनेछ । यदि एकपटक बालमैत्री घोषणा भएका नगरपालिका/गाँउपालिका र वडाले प्राप्त उपलब्धि र नतिजालाई निरन्तरता दिन असमर्थ भएमा सम्बन्धित सभाले विगतमा भएको घोषणामा पुनर्विचार गर्नुपर्नेछ । घोषणा पछिको अनुगमन र प्रतिवेदन कार्यान्वयन सम्बन्धमा पदेश मन्त्रालयले आवश्यक समन्वय, सहजीकरण र मार्गनिर्देश गर्न सक्नेछ ।

## खण्ड ९: विविध

### ३३. पूर्वानुमान

यो रणनीति तर्जुमा गर्दा देहाय बमोजिमको पूर्वानुमान गरिएको छ :

(१) संघ, प्रदेश तथा स्थानीय तहहरू बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि पर्याप्त साधन र स्रोत व्यवस्थापन गर्न सक्षम हुनेछन् ।
(२) विकास साझेदारहरूले यस क्षेत्रलाई उच्च प्राथमिकता दिनेछन् ।
(४) संघ तथा प्रदेश तहका विषयगत मन्त्रालय तथा मातहतका निकायको उच्चतम सहयोग र समन्वय रहनेछ ।
(५) देशको विद्यमान संघीय स्वरुपमा स्थानीय तहहरू स्थानीय सरकारको रुपमा रुपान्तरित भई यो पद्दतिको अवलम्बन गरेका हुनेछन् ।

### ३४. जोखिम पक्ष

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिको सफल कार्यान्वयनको लागि देहाय बमोजिमको विषयलाई जोखिम पक्षको रुपमा लिईएको छ :

(१) स्थानीय तहको प्रतिवद्धता र दृढ निश्चितता ।
(२) अन्तर संस्थागत समन्वय र एकीकृत सहयोग ।
(३) स्थानीय राजनीतिक र प्रशासनिक प्रतिबद्धता, स्थायित्व र निरन्तरता ।

### ३५. संसोधन गर्न सकिने

यस रणनीतिको कार्यान्वयनमा कुनै ब्यवधान आइ परेमा संघीय सम्पर्क मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर वा संसोधन गर्न सक्नेछ । तर यस्तो संसोधनको जानकारी नेपाल सरकार, मन्त्रिपरिषद, प्रदेश र सम्बन्धित विषयगत मन्त्रालयहरूलाई दिनु पर्नेछ ।

३६. **खारेजी र बचाउँ :**

(१) बालमैत्री स्थानीय निकाय घोषणा कार्यविधि, २०७० खारेज गरिएको छ ।

(२) बालमैत्री स्थानीय तह घोषणा सम्वन्धी यस अघि भएका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

(३) विगतमा बालमैत्री घोषणा भएको कुनै नगरपालिकामा साविकका कुनै नगरपालिका वा गाविसको भुभाग थप भै आएको अवस्थामा यसरी थप भएको भुभाग मात्र मिलेर कुनै वडा कायम भएको भए यसरी कायम भएको वडालाई बालमैत्री वडा घोषणा गरे पश्चात यस्तो नगरपालिकाले बालमैत्री नगरको मान्यता प्राप्त गर्नेछ ।

(४) विगतमा बालमैत्री घोषणा भएको कुनै नगरपालिकामा साविकका कुनै गाविस वा नपाको केही भुभाग थप भएको तर यसरी थप भएको भुभाग मात्रको अलग वडा नभै अन्य वडाहरुमा गाभिएको अवस्थामा गाभिएको भुभागलाई एक वर्ष भित्रमा बालमैत्री वनाउने निर्णय सहित नगरपालिकावाट कार्ययोजना स्वीकृत भै कार्यान्वयनमा आएको अवस्थामा साविकमा घोषणा भएकै अवस्थामा यस्तो नगरपालिकाले बालमैत्री नगरको मान्यता प्राप्त गर्नेछ ।

(५) साविकको संरचनामा बालमैत्री गाविस घोषणा भएका गाविसको सबै नौ वटै वडाहरु हालको नगरपालिका वा गाउँपालिकाको कुनै एक वडाको रुपमा रहेको अवस्थामा यस्तो वडा ( साविकको गाविस) ले हालको संरचना अनुसार नगरपालिका/गाउँपालिकाको बालमैत्री वडाका रुपमा मान्यता प्राप्त गर्नेछ ।

(६) विगतमा बालमैत्री घोषणा भएका साविकको गाविस हाल कुनै नगरपालिका वा गाउँपालिकाको एक भन्दा वढी वडामा विभाजन भएको तर यसरी विभाजन हुदा साविकमा बालमैत्री घोषणा भए वाहेकको क्षेत्र यस्तो वडामा नगाभिएको अवस्थामा यस्तो वडाले हालको संरचना अनुसार नगरपालिका/गाउँपालिकाको बालमैत्री वडाका रुपमा मान्यता प्राप्त गर्नेछ ।

# अनुसूचीहरू

अनुसूची १

## बालमैत्री स्थानीय शासन रणनीतिक ढाँचा

(दफा १२ संग सम्बन्धित)

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| • मूलप्रवाहीकरण | • बाल अधिकारको बिषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने ।<br>• बालमैत्री तरिकाले योजना तथा कार्यक्रम संचालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षण गर्ने । | • स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय<br>• स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय<br>• स्थानीय तह |
| • नीतिगत वकालत, पैरबी र सचेतना | • नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तहका नीति निर्माण एवं विकास प्रयासमा बालबालिकाको हितलाई स्थापित गराउन नीतिगत वकालत गर्ने ।<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।<br>• विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याउने ।<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालनको लागि केन्द्रीय, प्रादेशिक तथा स्थानीयस्तरबाट लगानीको वातावरण तयार गर्ने ।<br>• क्षेत्रीय एवं राष्ट्रिय विकास मंचहरूमा बालमैत्री शासनको अवधारणालाई उठाउने ।<br>• यस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि, सम्झौता एवं प्रादेशिक र स्थानीयस्तरमा भएका नीतिगत प्रावधानहरूको कार्यान्वयनमा जोड दिने । | • स्थानीय तह र बालबालिकसँग सम्बन्धीत संघीय मन्त्रालय<br>• स्वास्थ्य एवं अन्य संघीय विषयगत मन्त्रालय<br>• स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रादेशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय<br>• केन्द्रीय बाल कल्याण समिति<br>• बालमैत्री स्थानीय शासन राष्ट्रिय/प्रादेशिक समिति<br>• स्थानीय तह<br>• युनिसेफ लगायतका विकास साझेदारहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था |
| • संस्थागत विकास | • बालमैत्री स्थानीय शासन पद्धतिको विकासमा गाउँपालिका र नगरपालिकाहरूलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गर्ने र जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी र अनुगमनकर्ताको भूमिका निर्वाह गर्ने प्रणालीको विकास गर्ने । | • राष्ट्रिय /प्रदेश योजना आयोग<br>• स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय<br>• स्वास्थ्य एंव अन्य संघीय विषयगत मन्त्रालय |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| | • गाँउ/नगरपालिका, वडा र समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गर्ने । गाउँ/नगर र वडा बाल संरक्षण समिति र बालमैत्री स्थानीय शासन गाँउ/नगरपालिका संस्थागत क्षमता विकास गर्ने ।<br>• बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय इकाईहरूमा सांगठनिक व्यवस्था मिलाउने ।<br>• बालबालिकाका संस्थाहरू सूचीकृत गर्ने, संजाल निर्माण गर्नका साथै उनीहरूको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी मामला उजागर गर्ने ।<br>• स्थानीयस्तरमा खडा भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल संजाल, खानेपानी, सामुदायिक बन, सामुदायिक संस्था जस्ता समूहहरू, गैरसरकारी संस्था जिल्ला संजाल जस्ता निकायहरूका बीचमा सामन्जस्यता कायम गरी यस रणनीतिमा उल्लेख भएका सूचकहरू प्राप्तिको लागि संस्थागत र प्रणालीगत विकास गर्ने ।<br>• स्थानीय स्तरमा रहेका अधिकारमूखि, सामाजिक अभियानमूखि, सामुदायिक समिति, तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूलाई यस प्रक्रियामा आवद्ध गर्ने ।<br>• बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरूमा बाल प्रतिनिधित्वको संस्थागत व्यवस्था मिलाउने । | • स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• केन्द्रीय बाल कल्याण समिति<br>• विकास साझेदारहरू<br>• युनिसेफ लगायत संयुक्त राष्ट्रसंघीय तहहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• सामुदायिक संस्था |
| • क्षमता विकास | • विभिन्न तहका साझेदार र सहयोगीहरूबीच कार्यगत संजाल निर्माण गर्ने र आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउने ।<br>• अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी तथा सेमिनारहरू संचालन गर्ने र नमूनाको रुपमा बालबालिकाका लागिमात्र कार्यक्रम संचालन गर्ने<br>• प्रचार प्रसारको रणनीति तयार गरी छापा तथा विद्युतिय संचार माध्यमद्वारा प्रचार प्रसार गर्ने र वेभ साईटमा उपयोगी सामाग्री राख्ने ।<br>• स्रोत व्यक्ति एवं प्रशिक्षकहरूको सूची तयारी, परिचालन, सूचना र स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण गर्ने । | • राष्ट्रिय/प्रदेश योजना आयोग<br>• स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय<br>• स्वास्थ्य एंव अन्य संघीय विषयगत मन्त्रालय<br>• स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• केन्द्रीय बाल कल्याण समिति<br>• विकास साझेदारहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| | | गैर सरकारी संस्था<br>• सामुदायिक संस्था<br>• युनिसेफ लगायत विकास साझेदाहरू |
| • सहकार्य र साझेदारी प्रवर्द्धन | • बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अर्न्तराष्ट्रिय विकास समुदायसंगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याउने ।<br>• विभिन्न साझेदारको सक्षमता र सफल कार्यपद्धतिको अनुशरण गर्ने । | • स्थानीय तहसँग सम्वन्धीत संघीय मन्त्रालय<br>• स्थानीय तहसँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय<br>• स्थानीय तह<br>• विकासका साझेदार |
| • सामुदायिक परिचालन | • स्थानीयस्तरमा बाल अधिकारको संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन समूह र संस्था निर्माण गर्ने ।<br>• बाल अधिकारको संरक्षण र बाल विकासका क्षेत्रमा अभियानमूलक कार्यक्रम संचालनका लागि समुदायस्तरका समूह तथा संगठनलाई परिचालन गर्ने ।<br>• समुदायस्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम संचालन गर्ने । | • स्थानीय तह र तिनका विषयगत शाखा<br>• विकास साझेदार<br>• बालक्लव<br>• बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• समुदायमा आधारित संघसंस्थाहरू |
| • सामाजिक जवाफदेहिता र पारदर्शिता | • बाल अधिकार तथा बाल विकासका क्षेत्रमा स्थानीय तह तथा संघसंस्थाबाट संचालित कार्यक्रम तथा तत्सम्बन्धी साधन स्रोत परिचालनका बारेमा यथार्थ सूचना तथा जानकारी सार्वजनिक गर्ने ।<br>• बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने । | • स्थानीय तह<br>• विकास साझेदार<br>• बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था |
| • सामाजिक समावेशीकरण | • स्थानीय सीमान्तीकृत समुदाय, गरीब, पिछडिएका वर्गका बालबालिकाका लागि विशेष कार्यक्रम संचालन गर्ने । | • स्थानीय तहको बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय<br>• स्थानीय तहको बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार |
| • सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन | • बालबालिकाप्रतिको धारणामा परिवर्तन गर्न र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलता बढाउन प्रचार प्रसार गर्ने ।<br>• स्थानीयस्तरका शिक्षण संस्थाको पाठ्यक्रममा बाल अधिकारको विषय समावेश गराउने । | • संघीय तथा प्रदेश शिक्षा मन्त्रालय<br>• स्थानीय तह र विषगत शाखा( शिक्षा)<br>• विकास साझेदार |
| • अनुगमन तथा | • बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचक | • राष्ट्रिय /प्रादेशिक योजना |

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| मूल्याङ्कन | सरोकाबालाहरूलाई जानकारी गराउने र संचालित कार्यक्रमहरूको प्रभावकारिता र नतिजा अनुगमन गर्ने ।<br>• विद्यमान केन्द्रिय तथा प्रादेशिक नीति तथा कानुनी व्यवस्था अनुरुप स्थानीय तहहरूबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू संचालन भए नभएको अनुगमन गर्ने ।<br>• बालबालिकाको लागि स्थानीय विकास योजना बनाई संचालन गरे नगरेको अनुगमन गर्ने ।<br>• बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरे नगरेको अनुगमन गर्ने ।<br>• बालबालिकाको अवस्था सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरे नगरेको अनुगमन गर्ने ।<br>• बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्बन्धमा आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि तथा आचारसंहिता बने नबनेको अनुगमन गर्ने ।<br>• अनुगमन सूचक निर्धारण गरी उत्कृष्ट काम गर्ने बालसमूह, सामुदायिक संस्था, गाँउ/नगरको वडा, गाउँपालिका, नगरपालिका, विकास साझेदार र अन्य सहयोगी तह र व्यक्ति विशेषलाई समेत पुरस्कृत गर्ने । | आयोग<br>• स्थानीय तह र बलबालिकसँग सम्वन्धीत संघीय मन्त्रालय<br>• स्थानीय तह र बालबालिकासँग सम्वन्धीत प्रार्देशिक मन्त्रालय<br>• स्थानीय तह<br>• विकास साझेदार<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• स्वतन्त्र पेशागत समूह<br>• बाल समूह संजाल |

द्रष्टव्यः स्थानीय तहले स्थानीय तहको अवस्था र आवश्यकता अनुसार माथि उल्लिखित रणनीतिक ढाँचाको आधारमा आ-आफ्नो रणनीति तथा कार्यनीति तय गर्नेछन् ।

## अनुसूची २

बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि गाउँ/नगरपालिकाका वडा छनौटका आधारहरू

(दफा १४ संग सम्बन्धित)

१) राजनैतिक इच्छा शक्ति र प्रतिवद्धता जनाएको ।

२) गाउँ/नगरपालिकाका र वडा, संघसस्था, नागरिक समाजको चाहना, प्रतिवद्धता साथै कार्यान्वयनमा सक्रिय सहभागिता ।

३) बाल अधिकारको संरक्षण र सम्वर्द्धनका लागि बालक्लव साथै तिनको सञ्जाल क्रियाशील भएको ।

४) बाल अधिकारको क्षेत्रमा आन्तरिक तथा अनुदान रकमबाट पूजीँगत बजेटको निश्चित प्रतिशत रकम विनियोजन र प्रभावकारी कार्यान्वयन गर्ने दृढ प्रतिवद्धता जनाएको ।

५) गरिवी सुचकांङ्क र विपन्न नक्साङ्कनमा पछि परेको गाउँ/नगरपालिका र वडा तथा भौगौलिक रुपमा विकट भएको ।

६) दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गका जनताको बाहुल्यता भएको ।

७) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन गर्न आवश्यक मानवीय संशाधनको उपलब्धता ।

## अनुसूची ३

बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू

(दफा २७ संग सम्बन्धित)

**आधारभुत सूचक**

| क्र.स. | सूचक |
|---|---|
| **क** | **बाल बचाउँ** |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछ । |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । |
| ४ | गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । |
| ६ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाले पूर्ण खोप प्राप्त गरेका हुनेछन् । |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाहरूको संख्यामा कमि आएको हुनेछ । |
| ११ | अति कडा कुपोषण र मध्यम कुपोषण भएका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । |
| १२ | सबै घरधुरीमा खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका हुनेछन् । |
| **ख** | **बाल संरक्षण** |
| १ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । |
| २ | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुनेछ । |
| ३ | बाल विवाह नियन्त्रण भएको हुनेछ । |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचबिखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा उल्लेख्य कमी आएको हुनेछ । |
| ५ | बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याइएको हुनेछ । |
| ६ | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथामा कमी आएको हुनेछ । |
| ७ | स्थानीय तह/समुदायले १४ बर्षमुनीका बेसहरा बालबालिका (भएमा) को संरक्षण गरेका हुनेछन् । |
| **ग** | **बाल विकास** |
| १ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) |

| क्र.स. | सूचक |
|---|---|
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् । |
| ३ | प्रत्येक विद्यालयमा पानिको सुविधा सहित छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । |
| ४ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपांगतामैत्री र सुरक्षित भएका हुनेछन् । |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ । |
| ६ | सरसफाईयुक्त विद्यालय कायम गर्न सबै विद्यालयले कुहिने र नकुहिने फोहोर अलग अलग विर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् । |
| **घ** | **बाल सहभागिता** |
| १ | गाँउपालिका र नगरपालिकाका तहमा समावेसी आधारमा बाल संजाल गठन भई क्रियाशील ( न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम संचालन) रहेका हुनेछन् । |
| २ | गाँउपालिका र नगरपालिकाका वस्ती वा टोल र विद्यालयहरुमा समावेसी आधारमा बाल क्लव गठन भै क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम संचालन) रहेका हुनेछन् । |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ । |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/संजालको प्रतिनिधित्व रहनेछ । |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धि सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । |
| ६ | बालभेलावाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । |
| **ङ** | **संस्थागत विकास** |
| १ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल रहेका हुनेछन् । |
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । |
| ३ | गाउँपालिका/नगरपालिकाको प्रत्येक वडामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र संचालनमा रहेको हुनेछ । |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना निर्माण र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरि बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । |

जम्मा: १४ + ७ + ६ +६ + ६= ३९

विस्तारित सूचक

| क्र.स. | सूचक |
|---|---|
| **क** | **बाल बचाउँ** |
| १ | एउटा सन्तान र अर्को सन्तानको जन्मातर कम्तीमा ३ वर्षको हुनेछ । |
| **ख** | **बाल संरक्षण** |
| १ | गाउँपालिका/नगरपालिका क्षेत्रमा सडक बालबालिकाको संख्यामा कमी आएको हुनेछ । |
| २ | वडा/गापा/नपामा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । |
| ३ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृह सञ्चालनमा ल्याएको हुनेछन् ( उप/महानगरको लागि मात्र) । |
| **ग** | **बाल विकास** |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन् । |
| २ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपत व्यवस्थापन सम्वन्धी अतिरिक्त कक्षा संचालन गरेका हुनेछन् । |
| ३ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका वालवालिकाहरुले जीवनउपयोगी शिक्षा (व्यसायिक तथा सिपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । |
| **घ** | **बाल सहभागिता** |
| १ | वडा र स्थानीय तहले उत्कृष्ट कार्य गर्ने बाल क्लव/संजाल लाई वार्षिक रुपमा सम्मान र पुरस्कृत गरेका हुनेछन् । |
| **ङ** | **संस्थागत विकास** |
| १ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क ईकाई रहेको हुनेछ । |
| २ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड अनुसार बालमैत्री र अपांगमैत्री हुनेछन् । |
| ३ | नगरकार्यपालिका/गाउँकार्यपालिका/वडा कार्यालय र प्रत्येक स्वास्थ्य संस्थामा एक बालमैत्री कक्ष रहेको हुनेछ । |
| ४ | बसपार्क, सिनेमा हल, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । |

जम्मा: १ + ३ + ३ + १ +४= १२

कूल जम्मा: ३९+ १२= ५१